# विपश्यना

साधकहरूका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४३ आषाढ २०५६ वर्ष १६ अङ्क ३

## धम्मवाणी

*धम्मे च ये अरियपवेदित रता, अनुत्तरा ते वचसा मनसा कम्मुना च।*
*ते सन्ति-सोरच्च-समाधि-सण्ठिता, सुतस्स पञ्ञाय च सारमज्झगू॥*

सुत्तनिपात-३३२

**जो आचार्यद्वारा उपदेशित धर्म (समथ-विपश्यना) मा रत रहन्छ उनी मन, वचन र शरीरका कर्ममा सर्वोपरि हुन्छ। उसले शान्ति, शिष्टता र समाधिमा प्रतिष्ठित भएर श्रुत-प्रज्ञाको सार प्राप्त (भावित) गरिसक्छ।**

## विपश्यनाको रजत जयन्ती

२० जून, १९६९। जीवनको अत्यन्त महत्वपूर्ण दिन थियो। त्यस दिन पूज्य गुरुदेव ऊ बा खिनले विपश्यनाको आचार्य पदमा स्थापित गरेर मलाई ठूलो उत्तरदायित्व सुम्पिनु भयो। केही बर्ष अगाडिदेखि यस्तो ठूलो जिम्मेवारी दिनको लागि आफ्नो साथमा राखेर मलाई प्रशिक्षण दिदै थियो। त्यसलाई निभाउने समय आइपूगेको थियो। ब्रह्मदेशीय जन्मभूमि छोडेर आफ्नो पूर्खाको पावन भूमि जानु थियो। करीब २५०० वर्ष अगाडि भारतबाट बर्मा आएको यस मुक्तिदायीनी विद्या पुन: भारतमा नै फर्काउन चाहनुहुन्थ्यो गुरुदेव। जुन परम्पराले यस विद्यालाई जीवित राख्यो त्यस परम्पराका उनी प्रसिद्ध एक आचार्य हुनुहुन्थ्यो। भारतमा यो कल्याणी विद्या पूर्ण रूपले लुप्त भैसकेको थियो। अत: भारतमा जन्मेको यो विद्या भारतमा फर्कियो भने त्यहाँका अनेक व्यक्तिको कल्याण हुनेछ। यो विद्या भारतमा संस्थापित भएर विश्वमा फैलियो भने जन-जन कल्याण हुनेछ भन्ने उनको प्रवल धर्मकामना थियो। उनको यस कल्याणी कामना पूर्ति गर्नको लागि आफूले यथाशक्ति सेवा गर्ने आश्वासन मैले दिएको थिएँ।

परन्तु भारत आउने वित्तिकै एकदम दु:ख लाग्यो। भारतमा रहेका आफ्नो परिवारको सामयिक परिस्थिति देखेर मेरो अभियान कसरी सफल होला भन्ने संदेह हुन थाल्यो। हुनत पूज्य गुरुदेवको आर्शिवाद तथा उनको सुनिश्चित भविष्य वाणी सबल रूपले मेरो सामू थियो। परन्तु यहाँ पूगेपछि अनेक समस्या देखा परे कि शिविर कहाँ राख्ने? कसरी लगाउने? कसले प्रवन्ध गर्ला? दश-दश दिन घरबार छोडेर शिविरमा बस्न को आउला? मैले चिनेजानेका व्यक्तिहरू थोरै मात्र थिए। उनीहरूले सहयोग गर्ला भन्ने आशाले आएको थिएँ। उनीहरू अत्यन्त पूण्यशाली त अवश्य हुन् तर उनीहरू यस्तो प्रपन्चमा फैसिएको थियो कि म आउनु भन्दा अगाडि नै अन्य कुनै मार्गमा सम्मिलित भइसकेका थिए। हुनत बर्मा रहँदा नै मलाई थाहा थियो यस विषयमा तर मेरो परिवार आनन्द मार्गीमा यस्तो विधि लकडिसकेको थियो भन्ने अनुमान गरेको थिएन। विपश्यना सम्बन्धी केही कुरा पनि शान्त पूर्वक सुन्न उनीहरू सक्दैन थिए। शिविर लगाउन सहयोग गर्ला भन्ने त आश नै थिएन। बर्माबाट आएका परिवारका सदस्य हिम्मतहीन थिए। बर्मामा सबै सम्पत्ति खतम भए पनि भारतमा धन-सम्पन्न थिए। यस कारण पनि बर्माबाट आएका व्यक्तिहरू मुर्झाएको फूल झैं थिए। कसैले शिविरमा सहयोग गर्ला भन्ने कुनै सम्भावना नै थिएन।

शिविर राख्नुभन्दा पनि ठूलो समस्या मेरी आमाको थियो। शिविर सञ्चालन गरेतापनि उनी बस्न सक्ने स्थितिमा थिएन। वास्तवमा उनैको लागि विपश्यना शिविर राख्नु पर्ने थियो। यस शिविरमा बसेर मानसिक सन्तापबाट मुक्त हुनु थियो। यसै उद्देश्यले भारत आएको थिएँ। यसकै आधारमा बर्मी सरकारले मलाई भारत आउन पासपोर्ट दिएको थियो। वास्तवमा त्यस समयमा त्यस्तो नियम नै थिएन। आमा ग्रस्त थिइन्। उनको दुबिधापूर्ण मनोस्थितिलाई म राम्ररी बुझ्दथें। उनलाई बिपश्यना प्रति त्यतिकै अनुराग थियो। म आए पछि हामी साथमा बसेर नित्य विपश्यनाको अभ्यास गर्थौं। यसबाट उनको बिग्रिसकेको मानसिक चेतना फेरि जाग्यो। सारा शरीरमा फेरि चेतना जागेर धारा-प्रवाह अनुभव हुन थाल्यो। अत: शिविर राख्यो भने आफू पनि सामेल हुने उनको इच्छा थियो। यती टाढा वर्मा देशबाट आएको आफ्नो छोरालाई निराश बनाउन चाहँदैनथ्यो। यता भारत आवासी आनन्द मार्गी पुत्रलाई पनि निराश गर्न चाहँदैनथे। एकदम उदास भएर भन्थी कि "हेर छोरा म शिविरमा कसरी बसूँ?"

सारा वातावरण निराशाजनक थियो। कहिले काहीं सोच्थें त्यसै असफल भएर नै बर्मा फर्कनुपर्छ होला। फेरि सोच्थें गुरुदेवको मंगलवाणी अनुसार निश्चित रूपले नै विपश्यनाको प्रचार हुन्छ भन्ने विश्वास थियो। गुरुदेवको मात्र होइन हजारौं बर्ष पूर्वका सन्तहरूको पनि यहि भविष्यवाणी थियो। यस्तो सम्झ्यो भने मनमा उत्साह जाग्थ्यो, तर सामयिक स्थिति देख्यो भने निराशाको बादल छाउँथ्यो। सोच्थें सायद यस नवजागरणको काम मेरो हातले होइन कि अन्य कसैको हातबाट हुनेछ, म उपयुक्त पात्र होइन त्यसैले नै यस्तो विषम परिस्थिति उत्पन्न भइरहेछ। फेरि मनमा आयो कि यो कुनै नैसर्गिक घटना हो, यसलाई यति धेरै महत्व दिनु आवश्यक छैन, जे हुन्छ हुन्छ, वास्तविकतालाई स्वीकार्नु पर्छ।

मनमा आशा-निराशाको लहर चलिरहेको थियो। नौ दश दिन यस्तै मनस्थितिमा बित्यो। एक साँझ यस्तै मनस्थितिमा ध्यान गर्न बसें। साधना एकदम राम्रो भयो। साधना पूर्ण हुनु केही क्षण अगाडि भित्रै-भित्र एकदम अँध्यारो छाउन थाल्यो, सारा वातावरण तनावपूर्ण आशंकाले भर्न थाल्यो। यस्तो स्थितिमा मैले आफ्नो मनलाई निरिक्षण गरें। मन एकदम शान्त थियो, दृढ समता थियो। एकाएक

Downloaded from http://www.dhamma.digital

मनमा दृढ संकल्प जाग्यो कि जुन हुनुछ त्यो हुन्छ। म धर्मलाई समर्पित गर्छु। धर्मले जुन चाहन्छ त्यही हुन्छ। म यदि योग्य पात्र हुँ, पूर्व पारमिताको यथेष्ठ संचय छ भने यो अन्धकार हट्छ नभए म आफ्नो अयोग्यता स्वीकार गर्छु र यहाँका भारतनिवासी परिवारसँग भेटघाट गरेर वर्मा फर्कन्छु। यस्तो संकल्प - पछि मनमा एकाएक मंगल-मैत्री जाग्यो। आनन्द मार्गमा आकन्ठ भएका भाइ प्रति मंगल मैत्री जाग्यो। उनको मंगल होस्। कल्याण होस्। मंगल-मैत्री दिंदा दिंदै अचानक अन्धकार हट्न थाल्यो। मनमा एक प्रकारको प्रकाश पूर्ण आनन्दको स्रोत फुट्न थाल्यो। सबैतिर उत्साह नै उत्साह छाउन थाल्यो। कहीं उदासी रहेन।

साधना सकेर बाहिर आउँदा एक जना युवक मलाई भेट्न पर्खिराखेका थिए। उनको नाम थियो विजय अड्डुकिया। मंगलचंदजी अड्डुकियाका नाती थिए, उनी मेरो सम्धी तथा वर्मामा रहँदा समाज्सेवाको क्षेत्रमा हामी दुई साथी पनि थियौं। उनले त्यहाँ विपश्यनाको एउटा शिविर पनि गरेका थिए। बिजयले भने "तपाईं दश दिनको शिविर लगाउन चाहनुहुन्छ, ठाऊँको ब्यवस्था म गर्छु। एउटा धर्मशालामा दश दिन शिविर राख्न उपयुक्त स्थान छ। म भर्खरै त्यहाँ कुरा गरेर आएको। यदि तपाईं चाहनुहुन्छ भने अहिले नै हेर्न जाऊँ।"

अन्धालाई के चाहिन्छ र ? दुई आँखा। म प्रसन्न भएर शिविर स्थल निरिक्षण गर्न गएँ। ध्यानको लागि त्यो ठाऊँ उपयुक्त थिएन। शहरको हल्लाको साथसाथै चारै तिर फोहर नै फोहर। तर के गर्ने, स्वीकार गर्नुको अतिरिक्त अन्य उपाय नै थिएन। बम्बई जस्तो जन धनत्व बढी भएको शहरमा दश दिनको लागि खाली ठाऊँ पाउनु असम्भव थियो। अत: धर्मशालाका प्रवन्धका प्रति आभार प्रकट गर्दै मैले तुरुन्त स्वीकृति लिएँ।

अब प्रश्न थियो कि शिविरमा को बस्न आउला ? परन्तु विश्वास पनि थियो कि शिविरको लागि स्थान पाएकोले अवश्य पनि कोही साधक आउलान्।

विजयले तुरुन्त नै एकदम उत्साह पूर्वक भने कि "एकजना साधक त म नै हुँ। हुनत शिविरको काम सम्हाल्न चाहन्थें। परन्तु काम मेरो बुबा दयानन्दजी सम्हाल्नु हुन्छ, म शिविरमा सम्मिलित हुन्छ।"

वर्माको एकजना पूरानो मित्र र सहयोगी कान्तिभाई शाह मलाई भेट्न घरमा आए। उनले सुन्ने वित्तिकै "एकजना साधक त म हुँ र मैरो साथमा बी.सी. शाहलाई लिएर आउछु भने।" अनि मैले भने "अब शिविर अवश्य राख्ने, चाहे दुई चार जनामात्र साधक होस्।"

आमा सामू नै थिइन्। सँधै प्रसन्न रहने उनको चेहरा निन्याउरो थियो। उनको मनमा उब्जेको उदासीको तरंगले मलाई घोची रहेको थियो। सुत्दा रातमा पनि आमाको चेहरा आँखा सामू आउँदथ्यो। म उनको मनोदशा राम्ररी बुझ्दथें। दुई परस्पर विरोधी तरंगको बीचमा उनको मन्थन भइरहेको थियो। एकातिर उनको प्रिय पुत्र यति टाढाबाट आएर विपश्यनाको शिविर लगाउँदै थियो। अर्कोतिर उनको कान्छो छोरा आनन्दमार्गी थियो। उनलाई पनि नराम्रो लाग्ला। आमा दुबैलाई दु:खी हेर्न चाहँदैनथे। उनको वात्सल्य दुवै छोराहरूमा बराबर थियो त्यसैले नै यस्तो दुविधामा परिरहेको थियो। मेरो मन पनि उदास थियो कारण हजारौं वर्ष पूर्वका सन्तहरूको भविष्यवाणी अनुसार हुने अवस्थामा थियो; करीब दुई हजार बर्षको लामो समय पछि भारतमा विपश्यनाको पहिलो शिविर हुन थालेको थियो। यस ऐतिहासिक धर्म-यज्ञमा सम्मिलित भएर र त्यसको संचालन गरेर सारा भारतवासी परिवार यस महान पूण्यमा सामेल होला भन्ने सोचेको थिएँ तर अहिले त्यसको केही सम्भावना नै थिएन। दोस्रो कुरा त मेरा आमा-बुबालाई शिविरमा राखेर यस उमेरमा उनको सद्गति सुरक्षित गर्ने इच्छा थियो। परन्तु उनीहरू सम्मिलित हुने सम्भावना निक्कै कम थियो। म के गर्न सक्थें र मसंग मंगल मैत्री बाहेक अरू थिएन। त्यस रात आमा-बुबा र आनन्द मार्गी भाइलाई हृदयवत्थुको भवंग क्षेत्रबाट प्रबल मंगल-मैत्री दिँ निदाएँ। अर्को दिन त सारा वायुमण्डल विपश्यनाको शिविर राख्न लायक उत्साह पूर्ण वातावरण थियो। बिहानै बर्माको पूराने मित्र मोतीलाल चौधरी र बालचन्द पोद्दारका छोरा भरत भेट्न आए शिविर राख्ने खवर सुनेर दुबै जना शिविर बस्न मन्जुर गरे। दु जना पूराना साधक थिए। उनीहरूले अरुलाई पनि सम्मिलित हु आश्वासन दिए। मद्रासमा फोन गरें। त्यहाँका परिवार यस सूचनाला सुनेर उत्साहित भए, ती मध्ये तीन जनाले शिविरमा सामेल हुने इच्छा व्यक्त गरे।

आमा-बुबा दुबैले यो सबै हेरीरहेका थिए। आमाको समस्य मलाई राम्ररी थाहाथियो। यस्तो विषम परिस्थितिमा उनलाई के भन्ने साहस ममा थिएन। बुबाको स्वभाव म राम्ररी जान्दथें उनलाई आनन्द मार्गको केही प्रभाव परेको थिएन। यद्धपि आनन् मार्गमा दीक्षित भइसकेका थिए। वर्मामा रहँदा उनले पूज्य गुरुजीव सानिध्यमा एउटा विपश्यना शिविर पनि लिइसकेका थिए। शिविरम उनको आनापान तीब्र भएको थियो र शून्यागारामा ध्यानको सम अधिक प्रकाशपूञ्ज भरीएको अनुभव हुन्थ्यो। गुरुदेव उनीसंग निक्वै प्रसन्न हुनुहन्थ्यो। शिविरमा भाग लिनुको एउटै मात्र कठिनाई थियो भने उनी आफ्ना नित्य पूजा छाड्न चाहँदैनथे। पूजाका अधिव प्रेमी थिए। मैले उनलाई अनुरोध गरें कि वर्मा देशमा जसरी द दिनसम्म अन्य एकजनालाई पूजा गर्ने जिम्मा दिएको थियो त्यसरै नै यहाँ पनि गर्न सकिन्छ। उनले मेरो यो सुझावलाई तुरुन्त स्वीका गरे, मलाई अत्यन्त खुशी लाग्यो। यो देखेर आमाले पनि निर्ण गरेर भने कि "तपाईं बस्नुहुन्छ भने म पनि बस्छु, दश दिन होइ भने पाँच दिन बस्छु।"

मेरो खुशीको ठेगान रहेन। मलाई यस्तो लाग्यो कि आफ्न परिवारका आनन्दमार्गी सदस्यहरूको त उमेर छ भविष्यमा बस् सक्छन् तर मेरा आमा बुबा दुवैको उमेर ढल्किसकेको थियो, उनीह अवश्य पनि बस्नु पर्छ। साँच्चै यस्तै भयो। पहिलो शिविर जुल ३ देखि १३ सम्मको शिविरमा आमा-बुबा तथा अन्य १२ ज साधकहरू सम्मिलित थिए। आमा दशै दिन बसे। चौथो दि विपश्यना दिंदा नै भंग भयो र भवंग अवस्थामा चित्त परिपुष्ट स्थिर हुन थाल्यो।

मलाई आश्चर्य लाग्छ कि आनन्दमार्गी भाईहरूले यस प्रथ शिविरमा प्रत्यक्ष रुपले केही सहयोग गरेन तर यस पूणित कार्यमा कुनै वाधा गरे न कुनै विरोध नै गरे। मेरो मन उनको प्रति कृतज्ञता भावले भर्न थाल्यो। शिविर समापनको अवसरमा यस महान यज्ञव हकदार उनीहरूलाई थानें र मनै मन मैले उनीहरूलाई ढिलो या चाँ उनीहरूको पूण्य पनि फलदायी होस्। उनीहरूले पनि विपश्यना अमृतपान गरी मंगल लाभी बन्न सकून भनेर मैत्री दिएँ।

समस्या पहिलो शिविर हुनुको थियो। त्यसपछि त शिविरम सम्मिलित भएर जो लाभान्वित भए उनीहरूले नै एक पछि अ

Downloaded from http://www.dhamma.digital

शिविर ब्यवस्था गरे, धर्म सेवा दिएँ । मद्रासका विपश्यी साधकले मद्रासमा नै शिविर राख्ने निर्णय गरे । यसरी यस देशमा करीब दुई हजार बर्षदेखि सुकेको पावन धर्म-गंगा फेरि फुटेर मसिनो धाराको रूपमा बहन थाल्यो । पच्चीस वर्ष पछि यो विशाल धर्म-गंगामा परिणत भयो । यो भारतको मात्र होइन विश्वका जन जनको कल्याणको कारण बन्न थाल्यो । अनेकौंको मंगलको कारण बन्न गयो, विमुक्तिको कारण बन्न गयो ।

भारतमा भएको विपश्यनाको यो रजत जयन्ती भावी पीढ़िको लागि प्रेरणादायी बनून् । विपश्यनाको धर्म गंगा लोक कल्याण गर्दै रहुन् ।

(साभार: हिन्दी विपश्यना पत्रिका, आषाढ पूर्णिमा, १९९४) — कल्याण मित्र, स.ना.गो.

# चैत्य कथा

चैत्य निर्माणको परम्परा गौतमबुद्धको परिनिर्वाण पश्चात प्रचुरमात्रामा चल्यो । बुद्धभन्दा पूर्व पनि यस परम्पराको उल्लेख रामायण तथा महाभारतमा ठाऊँ-ठाऊँमा उल्लेख गरेको पाइन्छ । यदि यी दुवै ग्रन्थ भगवान गौतमबुद्धको पूर्वकालीन हो भने यस चैत्य-परम्परा पनि बुद्धपूर्व हो भन्ने स्वयं सिद्ध हुन्छ । अन्यथा पालि बाङमयमा भगवान बुद्धको जीवनकाल पूर्व अन्य अनेक चैत्यको उल्लेख पाइन्छ । "कस्सपस्स दशबलस्स चेतिय" अर्थात दशबलधारी भगवान काश्यपबुद्धको चैत्यको उल्लेख पाइन्छ जुन गौतमबुद्धको पूर्व थियो । यस उल्लेख अनुसार काश्यप-चैत्य भगवान गौतमबुद्धको समयमा विद्यमान थियो, नौसय वर्ष पश्चात प्रसिद्ध चिनिया यात्री फाहियानले आफ्नो यात्रा वृत्तान्तमा यस्को उल्लेख गरेको पाइन्छ ।

यसको अतिरिक्त बुद्धकालीन पालि साहित्यमा यस्ता अन्य अनेक चैत्यको उल्लेख पाइन्छ । भगवान बुद्ध आफ्नो धर्म-यात्राको समयमा यस्ता स्थानमा रहेर स्थानीय जनतालाई धर्मोपदेश दिनुहुन्थ्यो । त्यस समयको एउटा प्रसिद्ध चैत्य, 'अग्ग आसव' चैत्य थियो ।

## चैत्य निर्माणको परम्परा:-

बैशालीका चैत्य अत्यन्त रमणीय थिए होलान् त्यसैले भगवानले आफ्नो जीवनको अन्तिम बर्ष बैशाली छोडेर कुशीनगर तर्फ जानुहुँदा भन्नुभएको थियो, "आनन्द, रमणीय छ ! बैशाली रमणीय छ ! रमणीय छ उदयन चैत्य । रमणीय छ गोतमक-चैत्य ! रमणीय छ सत्तंब-चैत्य ! रमणीय छ बहुपुत्त चैत्य ! रमणीय छ सारदद-चैत्य ! रमणीय छ चापाल चैत्य ।"

यी रमणीय चैत्यहरूमा भगवान बैशालीमा रहँदा अनेक पटक निवास गर्नु भयो र स्थानीय मानिसहरूलाई धर्म देशना गर्नुभयो ।

सायद पुरातनकालमा केही सन्त महापुरुषका चितामा चारकुने चबूतरा बनाउने प्रथा थियो होला । विशिष्ट चबूतरामा त्यसै खुल्ला राख्नुको सट्टा सन्मान पूर्वक छत्र ओडाउने चलन थियो होला । कुनै चबुतरामा ठोस स्तूप बनाएर त्यसको शिरमा सन्मानसूचक छत्र स्थापित गर्ने चलन थियो होला । त्यस्तै प्रकारले कोही सन्तको चितामाथि उनको स्मारकको रूपमा चैत्य निर्माण गर्ने गर्दथ्यो होला । चैत्यको लागि त्यस समयको लोकभाषामा 'चेतिय' शब्द प्रयोग गर्दथ्यो । त्यसको अर्थ लोकको धर्म-चेतना जागरण गर्ने स्थान थियो ।

जुन जुन चितामाथि चैत्य निर्माण गरियो, विस्तारै ती स्थानहरू पूज्य स्थल बन्न थाले । मृत सन्तहरूलाई देवलोकगामी मानेर देवताको रूपमा पूजा गर्न थाल्यो । चैत्य देव-स्थान बन्न थाल्यो । मानिसहरू त्यहाँ आएर श्रद्धापूर्वक फूल चढाउन थाले । बिस्तारै कोही मानिसहरूले आफ्नो इच्छा मनोकामना पूर्ण भएको कारणले यस स्थानको पूजा अर्चना गर्न थाले भने कसैले भाकल गरेर पूजा गर्न थाले । माथि उल्लेखित बहुपुत्तक चैत्य त्यस्तो नै एउटा चैत्य हो जहाँ मानिसहरू पुत्र प्राप्तिको मनोकामना गर्न जान्छन् । त्यसको आसपास यात्रीहरूको लागि र श्रद्धालु भक्तहरू रहन बस्नको लागि धर्मशाला बनाए ।

चैत्यहरू मध्ये चापाल चैत्यको आफ्नै विशेषता छ । गौतम बुद्ध अक्सर यस स्थानमा निवास गर्नु हुन्थ्यो । यहीं भगवान बुद्धले आफ्नो अस्सी बर्षको फाल्गुण पूर्णिमाको दिन इच्छा - मृत्युको संकल्प गर्नुभएको थियो र भविष्यवाणी गर्नु भएको थियो कि "तीन महीना पश्चात बैशाख - पूर्णिमाको दिन आफ्नो शरीर त्याग्नेछु ।"

यसबाट अनुमान गर्न सकिन्छ कि चैत्य निर्माण गर्ने परम्परा मानिसहरूले धर्म सम्पन्न गर्न, ध्यान-साधना गर्न बनाउन थाले होलान् । राग, द्वेष र मोहको अग्नि-ज्वाला समान चिता जस्तै सदैव बलिरहने चित्तले निर्वाणको शीतलता र शान्ति पाउन सहायक बनून्-त्यस स्थानलाई चेतिय भन्न थाले । वास्तवमा आकुल-व्याकुल चित्तलाई स्थिर शान्त र निर्मल गर्ने साधना नै चेतिय (चैत्य) भन्न सुहाउँछ । अनित्यबोधको चेतना जगाउनु नै चेतिय हो । धर्म प्रति चित्तलाई सजग गर्नु नै चेतिय हो । बुद्धको परिनिर्वाण हुनु केही समय पूर्व नै सारिपुत्र र मौदगल्यानले शरीर त्यागे । उनका अस्थि अवशेषमा भगवानले चैत्य निर्माण गराउनु भयो । विस्तारै यी नै साधना केन्द्र जन साधारणले पूजा-पाठ गर्ने कर्मकाण्ड गर्ने स्थानको रूपमा परिवर्तन गरे होलान् । आजकल पनि विभिन्न देशमा चैत्य पूजा बौद्धहरूले कर्मकाण्ड गर्नको लागि अधिक प्रयोग गरिन्छ, ध्यान भावनाको लागि कम प्रयोग गरिन्छ ।

भगवानबुद्ध पश्चात चैत्यको निर्माण गर्ने परम्परा तीव्र गतिले बढ्यो । त्यस समयमा तीन प्रकारले चैत्य निर्माण गर्ने परम्परा थियो ।

१. परिभोग चैत्य: यस्ता चैत्य भगवान बुद्धले प्रयोगमा ल्याउनु भएका भौतिक वस्तु स्थापित गरेर बनाइन्छन् । यस्तो एउटा चैत्य बम्बईबाट ८० माइल टाढा नाला-सुपारा नामको गाऊँमा भेट्टीएको थियो । यस गाऊँलाई पूर्वकालमा सुप्पारक पत्तन भनिन्थ्यो । यहाँका एकजना निवासी पूण्य नामक ब्यापारीले भगवानसंग धर्म सिकेर अभ्यास गर्न थाल्यो । स्वदेशमा फर्केर यो विद्या अनेक ब्यक्तिहरूलाई पनि बाँड्न थाले । यसको परिणाम स्वरूप यस प्रदेशमा ध्यान-साधनाको परम्परा चल्यो । यहाँ निर्मित गुफा र चैत्यले यस्को पुष्टि गर्दछ । सुप्पारक स्तूपको उत्खनन् गर्दा भगवान गौतमबुद्धको भिक्षा पात्र प्राप्त भएको थियो ।

२. धातु चैत्य: भगवान तथा अन्य जीवनमुक्त अरहंतहरूको अस्थि - अवशेष राखेर निर्माण गरिएको चैत्यलाई धातु चैत्य भनिन्छ । भगवान गौतमबुद्धको महापरिनिर्वाण पश्चात उनको शरीरको दाह संस्कार पछि उनको अस्थिलाई आठ भागमा बाँडियो र त्यस समयका प्रसिद्ध राज्यहरूले आ-आफ्नो राज्यमा लगेर धातु चैत्य बनाए । यी राज्यहरू मध्ये शक्तिशाली शासक मगधका अजातशत्रु थिए । उनले अन्य राज्यहरूसंग रहेको अस्थि एकत्र गरेर आफ्नो राज्यको पाटलीपुत्रमा स्तूप बनाए । पछि यस क्षेत्रमा अशोक राजा हुँदा उनले पुन: विभक्त गरेर भारतका महत्वपूर्ण स्थानमा अस्थि स्थापना

Downloaded from http://www.dhamma.digital

गरेर चैत्यहरू बनाए । उत्खनन् गरेर हेर्दा कपिलवस्तु, कुशीनगर, सारनाथ आदि पुराना स्तूपको गर्भमा भगवान बुद्धको धातु-अवशेष भेट्टियो । त्यस्तै सारिपुत्र र मौद्गल्यायनको धातु-अवशेष साँचीको स्तूपमा पाइयो ।

भगवानको अवशेष भारतभन्दा बाहिर अन्य देशहरूमा पनि पाइन्छन् भन्ने मान्यता छ । एक मान्यता अनुसार रंगून (प्राचीन उक्कल नगर) का दुईजना ब्यापारी तपस्स र भल्लिक भगवान बुद्धको केशधातु लिएर गएका थिए । उनीहरूले रंगूनको डगोन पहाडमा स्तूप बनाएर केशलाई त्यहाँ स्थापित गरे । यो वर्माको प्रमुख स्तूप हो जुन श्वेडगोनको नामले प्रसिद्ध छ । भगवानको दाँत श्रीलंकामा पुग्यो र त्यसलाई कैंडीको एउटा स्तूपमा स्थापित गर्‍यो । चैत्यलाई पालि भाषामा (धातुगर्भ) धातु-गब्भ शब्द प्रचलित थियो । पछि यसैबाट धगब्भ-ढगोबा हुँदै सिंहली भाषामा डगोभा प्रचलित हुन गयो । पछि यहि शब्द विकृत हुँदै पगोडाको रूपमा प्रयुक्त हुन गयो । आजकल चैत्यको लागि पगोडा शब्द नै प्रचलित छ ।

३. धर्म चैत्य: भगवान बुद्ध पछि पच्चीस शताब्दीमा भगवानका अनुयायीहरूले अनगिन्ती स्तूपहरू निर्माण गर्न थाले । भगवानको कुनै महत्वपूर्ण पदलाई कुनै स्वर्ण पत्र अथवा ताम्र पत्रमा अंकित गरेर त्यसलाई भूगर्भमा स्थापित गरेर चैत्य निर्माण गर्ने परम्परा चल्यो । कतिपय पुराना चैत्यहरूमा धातु-पत्र प्राप्त भएका छन् । यस्ता चैत्य धर्मचैत्य कहलिन्छन् ।

४. उद्देसिक चैत्य: भगवान बुद्धको लगभग ५०० वर्ष सम्म उपरोक्त तीन प्रकारका चैत्य बनाउने परम्परा थियो । त्यस पछि उनको मूर्ति बनाउन थाल्यो । गुफामा निर्मित अनेक चैत्यहरूमा उनको स्मृतिको उद्देश्यले मूर्ति स्थापित गरियो । त्यस्ता चैत्यलाई उद्देश्य चैत्य भनिन्छ । जब मूर्ति पूजा गर्ने प्रचलन बढ्यो तब परिभोग चैत्य, धातु चैत्य, धम्म चैत्यमा पनि मूर्ति स्थापना गर्न थाल्यो ।

हाल आएर स्व. सयाजी ऊ बा खिनले चैत्य निर्माणको परम्परामा एउटा नयाँ कडी थपीयो । उहाँले चैत्यको उपयोग विपश्यना ध्यान गर्नको लागि गर्नु भयो । उहाँले भित्रबाट खोक्रो चैत्य निर्माण गर्नु भयो, जस्मा साधकहरू ध्यान गर्न सकिन्छ ।

(साभार: हिन्दी विपश्यना पत्रिका                    विठ्ठलदास मोदी
पौष पूर्णिमा, १९९२)

✿

## धर्म गाथा

### हिन्दी

जब से छुटी विपश्यना, बढ़ा अंध-विश्वास ।
बिना चित्त निर्मल किये, करे मुक्ति की आश ॥

यदि मांगे बंधन खुलें, बंदी रहे न कोय ।
यदि मांगे ही सुख मिले, दुखिया रहें न कोय ॥

किसी देव या ब्रह्म से, मुक्त हुआ ना कोय ।
जो चित्त को निर्मल करे, स्वत: मुक्त है सोय ॥

विपश्यना के नीर से, मन के मैल उतार ।
मैले मन ना हो सका, कोई भव से पार ॥

अंतरमन की चेतना, लहर लहर लहराय ।
काम क्रोध मद लोभ के, मैल सभी धुल जांय ॥

लौटी विमल विपश्यना, अमृत घट ले हाथ ।
तृषितों की तृष्णा बुझे, लोग नबावे माथ ॥

मंगल कामना सहित
**बि. एम.**
काठमाडौं

### हिन्दी

जहाँ धरम को नाम पर, बाड़ाबंदी होय ।
करै दिखावा धरम का, सम्प्रदाय है सोय ॥

जहाँ धरम के नाम पर, जागे भावावेश ।
सम्प्रदाय ही हो प्रमुख, धरम न हो लवलेश ॥

जहाँ बौद्ध या जैन का, लेबल होय प्रधान ।
सत्य धरम का भरम है, सम्प्रदाय ही जान ॥

हिन्दू मुस्लिम सिख का, जागे जहाँ गुमान ।
महज मुखौटा धरम का, सम्प्रदाय पहचान ॥

जात पात कुल गोत्र का, भेदभाव जब होय ।
सम्प्रदाय ही हो प्रमुख, धरम निरोहित होय ॥

वर्ण भेद से लोग जब, ऊँच-नीच कहलांय ।
धरम धँसे पाताल में, सम्प्रदाय रह जाय ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
वीरगंज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७     २०५६ आषाढ
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* **न्यू नेपाल प्रेस**, अफिस फोन : २५९०३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८ प्रेस : ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................

ठेगाना : ..............................

..............................

..............................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-

Downloaded from http://www.dhamma.digital